(**माई नगरपालिको मिति २०७८।०३।०८ को नगर कार्यपालिकाको वैठकबाट स्वीकृत प्राप्त ।**)

स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार १५ शैया सम्मको अस्पताल/स्वास्थ्य संस्थाहरु स्थानिय सरकारले आफै स्थापना गर्न तथा संचालन गर्न सक्ने गरि स्थानिय सरकारको एकल अधिकार क्षेत्र भित्र समावेश भएको हुँदा यस माई नगर कार्यपालिकाकोको वैठकले "अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधी निर्देशिका २०७८" जारी गरि **माई अस्पताल** स्थापना गरि संचालन गर्न यो निर्देशिका जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस कार्यवीधी निर्देशिकाको नाम"अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधी निर्देशिका २०७८" रहनेछ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः-

विषय र परिभाषाले अर्को अर्थ नलागे यस निर्देशिकामा ,

(क) "अस्पताल" भन्नाले यस माई नगरपालिका वाट स्थापना भएर संचालन हुने अस्पताललाई सम्झनु पर्दछ ।

(ख) "स्वास्थ्य संस्था" भन्नाले यस माई नगरपालिका वाट स्थापना भएर संचालन हुने स्वास्थ्य संस्थाहरुलाइ सम्झनु पर्दछ ।

(ग) "स्वास्थ्य शाखा" भन्नाले यस माई नगर कार्यपालिका अर्न्तगतका अस्पताल सहित सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई संचालन, नियमन तथा सहजिकरण गर्न नगरकार्यपालिकामा अवस्थित स्वास्थ्य शाखा/ईकाईलाई सम्झनु पर्दछ ।

(घ)"स्वास्थ्य संयोजक" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) "अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति" भन्नाले माईले स्थापना गरी संचालन भएका अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई बुझिनेछ

(च) "अस्पताल प्रमुख" भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनुपर्दछ ।

२०७८।०३।०८ दीपक कुमार श्रेष्ठ नगर प्रमुख

(छ)"स्थायी कर्मचारी"भन्नाले अस्पतालको दरवन्दी अनुसार समायोजन/सरुवा/पदस्थापन भई आउने कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज)"करार सेवा/कर्मचारी" भन्नाले स्थानिय सरकार/प्रदेश अन्य निकायबाट स्थानिय आवश्यकताका अनुसार सेवा प्रवाहलाई सहज बनाउने उदेश्यका साथ निश्चित समय(वढिमा १ वर्ष)को लागी सेवा सम्झौता गरि कामकाजमा खटिई आएको अवस्था/कर्मचारीलाइ सम्झनुपर्दछ ।

(झ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिको लागी राज्यबाट शुलभ रुपमा निःशुल्क उपलब्धहुने प्रर्वधनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवालाई सम्झनुपर्दछ ।

(३) अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन प्रकृयाः-

(क) अस्पताल/स्वास्थ्य संस्थाको स्थापना गरिने क्षेत्रमा बसोवास गर्ने जनताको आवश्यकतालाई मध्यनजर गर्दै अस्पताल/स्वास्थ्य संस्था स्थापना गर्न आवश्यक रहेको र सो क्षेत्रमा अस्पताल/स्वास्थ्य संस्था स्थापना गर्ने भनि नगर सभा/कार्यपालिका बाट प्रस्ट रुपमा निर्णय भएको हुनुपर्नेछ ।

(ख)अस्पताल/स्वास्थ्य संस्था स्थापना गरि संचालन गर्नु पूर्व आधिकारिक स्वास्थ्य निकायबाट प्राविधिक अध्यायन गराइ शिफारिस प्राप्त गरि संचालन गरिएको हुनपर्नेछ ।

(ग) अस्पताल/स्वास्थ्य संस्था संचालनको लागी आवश्यक पर्ने जनशक्तिको सम्वन्धमा नगरसभा/नगर कार्यपालिका वैठकबाट प्रस्ट रुपमा खुलाईएको हुनुपर्नेछ ।

(घ) कर्मचारी व्यवस्थान तथा पदपूर्ति गर्दा स्थायि कर्मचारी बाहेक अन्य करार कर्मचारीको हकमा सार्वजनिक सुचना गरि खुल्ला प्रतिस्पर्धा मार्फत पदपूर्तिको व्यवस्था गरिनुपर्दछ ।

(ङ)अस्पताल /स्वास्थ्य संस्था पूर्ण रुपमा स्थापना भई संचालनमा आउनु पूर्व गरिने सम्पूर्ण तयारी (पूर्वाधार विकाश, सामाग्री खरिद तथा व्यवस्थापन, कर्मचारी व्यवस्थापन, स्रोत परिचालन, कार्य अनुगमन, नियमन तथा सम्पूर्ण कार्यहरु) नगरकार्यपालिकाको कार्यालय/स्वास्थ्य शाखा मार्फत गरिनेछ । अस्पताल/स्वास्थ्य संस्था पूर्ण रुपमा संचालनको तयारी सकिएपछि तथा संचालनमा आएपश्चात अस्पताल /स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनको लागी यस निर्देशिकाले तोके बम्मोजिमको अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई औपचारिक रुपमा हस्तान्तरण गरि संचालन गरिनेछ । हस्तान्तरण गरिएता पनि आवश्यक ठानेको जुनसुकै अवस्थामा नगरपालिका/नगरकार्यपालिकाको कार्यालय/स्वास्थ्य शाखाले अनुगमन/सुपरिवेक्षण तथा नियमन गर्न कुनै वाधा पर्ने छैन ।

(च) अस्पताल/स्वास्थ्य संस्था शनिश्चरे मार्फत स्थापना भई संचालनमा आएतापनि प्रकृया तथा नियमानुसार प्रदेश/संघिय सरकारले अपनत्व लिनलाई कुनै वाधा पर्ने छैन साथै प्रदेश तथा संघिय

सरकार बाट प्राप्त हुने स्थायी/करार सेवाका जनशक्तिलाई पदस्थापन गरि कामकाजमा खटाउन कुनै वाधा पर्ने छैन । साथै अस्पतालको हकमा कर्मचारीहरुको दरवन्दी नगरकार्यपाकिाको निर्णय अनुसार हुनेछ ।

(छ)अस्पतालको हकमा प्रचलित कानूनको अधिनमा रहि अस्पताल वाट प्रदान गरिने विविध सेवाहरुमा नगर कार्यपालिका बैठकबाट तोकिए बमोजिमको स-शुल्क सेवा दिन कुनै बाधा पर्ने छैन । स-शुल्क सेवा मार्फत संकलन रकम अस्पतालको आन्तरिक आम्दानीमा जम्मा गरिनुपर्नेछ । आवश्यकता अनुसार उक्त रकम नगरपालिका अस्पतालले समेत अस्पतालको मर्मत,विकास,संचालन लगायत जनशक्ति व्यवस्थापनमा खर्च गर्न सक्नेछ ।

(ज) अस्पताल तथा वर्थिङ सेण्टरको हकमा अस्पताल तथा वर्थिङ सेण्टरमा काम गर्ने चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र नर्सिङ स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारवाट उपलब्ध हुने अतिरिक्त सेवा वापतको भत्ता, जोखिम भत्ता ,रात्रिकालिन सेवा भत्ता तथा स्थानिय सरकारको निर्णय अनुसार उपलब्ध गराउने अन्य भत्ता समेत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई उपलब्ध गराउन कुनै वाधा पर्ने छैन ।

४.अस्पताल/स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन हुने मुख्य सेवाहरुः-

- **परिवार नियोजन कार्यक्रम**
- **सुरक्षित मातृत्व**
- **खोप**
- **पोषण**
- **झाडापखाला**
- **श्वास प्रश्वास**
- **औलो तथा कालाजार**
- **क्षयरोग नियन्त्रण**
- **कुष्ठरोग नियन्त्रण**
- **एड्स /यौन रोग**
- **महामारी नियन्त्रण तथा दैवी प्रकोप**
- **वातावरणीय सरसफाई तथा फोहोर मैला व्यबस्थापन**

- स्वास्थ्य शिक्षा
- नगरघर क्लिनिक कार्यक्रम
- महिला स्वास्थ्य स्वयंसेविका
- उपचार सेवा
- मेडिको लिगल केस
- स्वास्थ्य वीमा
- अनुगमन
- प्रशासनिक कार्य
- रेडियोलोजी सेवा(अस्पतालमा मात्र)
- प्रयोगशाला सेवा
- शव गृह / पोस्टमार्टम सेवा(अस्पतालमा चिकित्सकबाट मात्र)
- शल्य चिकित्सा सेवा(अस्पतालमा मात्र)
- अस्पताल बाट संचालित फार्मेसी सेवा(अस्पतालमा मात्र)
- बहिरंग सेवा
- आकस्मीक सेवा(अस्पतालमा मात्र)
- एम्बुलेन्स सेवा
- अन्तरङ सेवा(अस्पतालमा मात्र)

(५)गुणस्तर सुनिश्चितता सम्बन्धि ब्यबस्था :-

माई नगरपालिकाबाट स्थापना हुने अस्पतालहरुले निम्न वमोजिमको गुणस्तरको मापदण्ड पूरा गरेको हुनुपर्नेछ -

(क) वहिरंग सेवामा आउने विरामीहरुको चापका आधारमा विरामी दर्ता , परामर्श , निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्दछ ।

(ख)स्वास्थ्य संस्था भित्रमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको ब्यबस्था भएको हुनुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग)अस्पतालले विभिन्न ईकाईबाट प्रदान गर्ने सेवाहरु स्तरिय रुपमा संचालन गर्नु पर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन हुनु पर्नेछ ।

(घ) अस्पतालले वहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरि) सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ)विरामी वा विरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धति वारे स्पष्ट जानकारी दिने ब्यवस्था हुनुपर्नेछ । अस्पताल/स्वास्थ्य संस्थामा उपलब्ध स्रोत साधन, स्वास्थ्यकर्मी वा स्वास्थ्य जनशक्तिको क्षमताले स्वास्थ्य समस्याको समाधान हुन नसक्ने अवस्था आएमा वढी स्रोत, साधन सम्पन्न स्वांस्थ्य संस्थामा उपचार, परामर्श र सेवाको निमित्त पठाईने प्रक्रियालाई प्रेषण भनिन्छ । सो सम्वन्धि निर्णयको सम्पूर्ण अधिकार उपचार सेवा उपलब्ध गराउने चिकित्सक/स्वास्थ्यकर्मी/नर्स सबैमा पूर्ण रुपमा निहित रहनेछ । अस्पताल/स्वास्थ्य संस्थामा उपलब्ध स्रोत र साधनबाट समाधान गर्न नसकेका समस्या अस्पताल हुदै विषेशज्ञ सेवा प्रदायक ठूला अस्पतालसम्म प्रेषण गरिनेछ ।

(च) अस्पताल परिसर तथा सेवा दिने कक्षहरुमा नियमित रुपमा सफा सुघर राखिएको हुनुपर्नेछ ।

(छ)सवैले देख्ने स्थानमा गुनासो/उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ज) जनगुनासो व्यवस्थापनको लागी गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै सम्माधान हुन नसक्ने भएमा सो को कारण सम्वन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(झ) विरामीले अस्पताल/स्वास्थ्य संस्थावाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधी समेत खुलाईएको विरामी वडापत्र अस्पताल/स्वास्थ्य संस्थाको अग्र भागमा देखिने गरि राख्नु पर्नेछ र सोहि अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्दछ ।

(ञ) अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(ट)अस्पतालले २४ सैं घण्टा दक्ष स्वास्थ्यकर्मीवाट र आवश्यकता अनुसार अनकल चिकित्सकको व्यवस्था सहित आकस्मिक सेवा दिने ब्यवस्था गरिएको हुनुपर्नेछ ।

(ठ)अस्पतालमा सकभर ज्येष्ठ नागरिकको लागी विशेष सुविधा भएको शैयाको व्यवस्था गरिनुपर्नेछ ।

(ड)स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्वन्धित क्षेत्रको भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ढ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

(ण) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह लिन आवश्यक कदम चाल्नुपर्नेछ ।

(त) अस्पताल रहने स्थान धुवा,धुलो,ध्वनी,जल तथा जमिन प्रदुषण वाट मुक्त भएको हुनुपर्नेछ ।

(थ) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको, अस्पताल सम्म सडक यातायातको पहुँच भएको हुनुपर्नेछ ।

(द) अस्पतालमा पानी, विजुली(ब्यकअप सहित), संचार सुविधा, पार्किङ सुविधा, स्वस्थकर वातावरणको लागि वृक्षरोपण तथा बगैचाको व्यवस्था भएको हुनुपर्नेछ ।

(ध) जोखिमपूर्ण फोहोर व्यवस्थापनका लागी उपयुक्त प्रविधीको व्यवस्थपन गरिएको हुनुपर्नेछ ।

(न) फर्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुनेगरी सुरक्षित भण्डारण गर्ने व्यबस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशिल औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्नेछ । उपचारमा प्रयोगहुने लागू औषधहरु चिकित्सकको लिखित प्रेस्क्रिप्सन अनुसार मात्र आम्दानी र खर्चको अभिलेख सहित वितरण गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(प)म्याद नाघेका औषधीहरु उपयुक्त विधी अपनाई नष्ट गर्ने व्यवस्था भएको हुनुपर्नेछ ।

(व)आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौविसै घण्टा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ ।

(फ)अस्पतालले वाह्य व्यक्ति वा संस्थालाई सम्झौता गरि फार्मेसी संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले माथि उल्लेखित सर्तहरु सहित सम्झौता अनुसार कार्य गरेको सुनिश्ति भएको हुनुपर्नेछ ।

(व) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सवैले देख्ने गरी सूचना टाँस गरिएको हुनुपर्नेछ ।

(भ)अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन(इन्टरकम) को व्यवस्था भएको हुनुपर्नेछ ।

(म)प्रहरी, एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका टेलिफोन नम्वरहरु स्पष्ट देखिने गरि राख्नु पर्नेछ ।

(य) आकस्मिक कक्ष, वर्थिङ कक्ष, अपरेसन कक्ष लगायत संवेदनशिल कक्षहरुमा आपतकालिन विद्युत ब्याकअप सिष्टम राखेको तथा आवश्यक सवै स्थानमा पानीको व्यवस्था भएको हुनुपर्नेछ ।

(र) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायकहरुका लागी पर्याप्त पानी र सावुन सहितको सफा शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(व) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार विरामीको साथमा रहने १ जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनुपर्नेछ । साथै स्वास्थ्य संस्था हाता भित्र सफा र सुविधा युक्त क्यान्टिनको ब्यवस्था भएको हुनुपर्नेछ ।

(श) अस्पतालमा प्रयोगहुने एप्रोन,पञ्जा,टोपी, जुत्ता ,तन्ना, तकिया, खोल, रुमाल जस्ता कपडा धुन तथा अस्पतालमा भर्ना भएका विरामीहरुको लुगा धुने सुविधाको व्यवस्था भएको हुनुपर्नेछ ।

(ष) अस्पतालमा सुरक्षा ब्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ , आपत्कालिन आवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसंग समन्वय कायम गर्ने ब्यवस्था मिलाएको हुनुपर्नेछ ।

(स) आकस्मिक कक्षमा आकस्मिक अवस्थामा बर्हिगमन द्वारको आवश्यक व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(ह) अक्सिजन आपूर्तीको नियमित व्यवस्था भएको हुनुपर्नेछ ।

(क्ष)आकस्मिक कक्ष, डेलिभरी कक्ष तथा वार्डमा सक्सन मेसिन, सुचर सेट,एम्वु ब्याग,अक्सिजन, आकस्मिक कक्षमा कार्डियाक मोनिटर, इसिजी मेसिन, त्यसै गरी वि.पी. सेट प्रत्येक कक्षमा, आइ भी स्टेण्ड कम्तीमा वेड सगै ड्रवेर सहितको व्यवस्था भएको, आकस्मिक तथा ड्रेसिङ कक्षमा प्लास्टरका सामाग्री,आकस्मिक कक्षमा इलेक्ट्रिक डिफिव्रिलेटर, आकस्मिक कक्षमा औषधी सहितको ट्रली, ट्राकियोस्टोमी सेट, भेनस सेक्सन सेट, इ टी ट्युव सेट, इ एन टी सेट, नेवुलाइजर, सि.भि.पी. लाइन सेट, वाटरसिल ड्रनेज सेट, सूचना पाटी, ह्विल चेयर,स्ट्रेचर, फुट स्टेप, स्क्रिन, ग्यास्ट्रिक ट्युव सेट, डुस सेट आदि आवश्यक कुराहरुको व्यवस्था भएको हुनुपर्नेछ ।

(क्ष) अस्पतालमा चट्याङ छल्ने एन्टि लाइटिङ सिस्टमको जडान, आगो निभाउने फायर एस्टिङग्युसरको व्यवस्था भएको हुनुपर्नेछ ।

६.अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन,काम,कर्तब्य र अधिकार :-

६.१ गठन प्रक्रिया:-

माई अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन:

(१) नगरपालिकाको प्रमुख : अध्यक्ष–पदेन

(२) नगरपालिकाको उप प्रमुख : उपाध्यक्ष–पदेन

(३) अस्पताल रहेको वडाको वडाध्यक्ष: सदस्य–पदेन

(४) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरीरहेका विज्ञहरु मध्येबाट नगरप्रमुखले तोकेको १ जना महिला सहीत २ जना : सदस्य

(५) स्वास्थ्य शाखा प्रमुख : सदस्य–पदेन

(६) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये सम्वन्धित वडा समितिले मनोनित महिला १ जना : सदस्य

(७) माध्यमिक विद्यालयको प्र.अ. हरुमध्ये नगर प्रमुखले तोकेको १ जना : सदस्य

(८) महिला स्वास्थ्य स्वयम् सेविकाहरुमध्येवाट स्वास्थ्य शाखाले तोकेको १ जना : सदस्य

(९ अस्पतालमा रहेका स्थाई कर्मचारीबाट १ जना :सदस्य –पदेन

(१०) अस्पताल प्रमुख/मेडिकल अधिकृत /मेडिकल सुपरिटेण्डेन्ट १ जना : सदस्य सचिव

६.२ अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः-

कर्मचारी व्यवस्थापन	• अस्पताल/स्वास्थ्य संस्थामा दरवन्दी अनुसार पूरा कर्मचारी भए नभएको हेर्ने तथा आवश्यकता अनुसार काज, तालिम, गोष्ठीमा पठाउने • सदस्य सचिवबाट/कर्मचारीको ३ दिनसम्मको बिदा स्वीकृत गर्ने र त्यस भन्दा बढी बिदाको हकमा सिफारिस साथ पालिकामा पठाउने । • आन्तरिक स्रोत भएमा आवश्यकता अनुसार थप कर्मचारीको व्यवस्था मिलाउने । • कर्मचारीको कामको मूल्याङ्कन गरीं प्रोत्साहान गर्ने व्यवस्था मिलाउने ।

	• महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहान गर्ने ।

भौतिक पूर्वाधार	• उपलब्ध भौतिक सम्पत्ति (घर जग्गा, खानेपानी, चर्पी, विजुली, फर्निचर आदिको संरक्षण तथा उचित उपयोगको व्यवस्था मिलाउने । • माथि उल्लिखित भौतिक सम्पत्ति अपुग भएमा तिनको व्यवस्था मिलाउने । • महिला तथा वालवालिकाको लागि गोपनीयता कायम गर्न अस्पताल स्वास्थ्य संस्थामा छुट्टै जाँच्ने कोठाको व्यवस्था मिलाउने । • अस्पताल/स्वास्थ्य संस्था वरिपरि सरसफाइको व्यवस्था मिलाउने । • नगरघर तथा खोप क्लिनिकका लागि आवश्यक स्थान उपलव्ध गराउने । • अस्पतमलमा २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध हुने ब्यवस्था मिलाउने । • विरामीलाई भर्ना गरि उपचार सेवा उपलब्ध गराउन इनडोर सेवाको उपलब्ध हुने आवश्यक ब्यवस्था मिलाउने ।
औषधि/उपकरण	• अस्पताल/स्वास्थ्य संस्था, नगर,घर क्लिनिक, खोप क्लिनिकवाट दिइने सेवाका लागि आवश्यक औषधि उपकरण भए नभएको यकिन गरी अभाव भएमा उपलब्ध गराउने व्यवस्था मिलाउने । • अस्पताल /स्वास्थ्य सस्थामा नियमित रूपमा औषधि आपूर्तिको तथा भण्डारणका लागि उचित व्यवस्था मिलाउने । • औषधि खर्चको फाँटवारी दैनिक रूपमा अद्यावधिक गर्ने /गराउने । • आपत्कालीन अवस्था तथा महामारीका लागि जगेडा औषधिको तथा उपकरणको व्यवस्था मिलाउने ।
स्रोत परिचालन	• संस्थाको आम्दानी नियमित रूपमा,समितिको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने । • अस्पताल/स्वास्थ्य संस्था भएको पालिका/वडा भित्र भएका संस्थाहरु जस्तै विभिन्न गैसस, वडा, सामुदायिक वन, स्थानीय क्लव आदिमा सम्भावित स्रोत पहिचान गर्ने । • आपत्कालीन अवस्था (प्रकोप, महामारी) मा वडा भित्र भएका वा वाहिरवाट समते मानवीय स्रोत र अन्य स्रोतको खोजी गर्ने र उचित परिचालनको व्यवस्था मिलाउने ।
सुशासनः	• संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने । • वर्षमा एक पटक बाह्य लेखापरीक्षण गराउने । • सामाजिक लेखापरीक्षण कम्तीमा वर्षको एक पटक गराउने ।

	• स्वास्थ्य संस्थामा नागरिक बडापत्रको व्यवस्था गर्ने । • स्वास्थ्य सेवामा सामाजिक समावेशीकरण गर्ने ।
जना/ र्यान्वयन/ ुगमन:	• लक्षित जनसंख्या संम्बन्धी सूचना संकलन गर्ने व्यवस्था मिलाउने र सेवा सर्वसुलभ बनाउन प्राथमिकता क्षेत्र तोक्ने । • उपलब्ध सेवा जनसमुदाय सम्म पुगेनपगेको यकिन गर्ने । • समुदायबाट आएका गुनासा वा सुझावलाई समेटी समाधानका निमित्त पहल गर्ने । • विशेष स्वास्थ्य कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दा विशेष ध्यान दिने (जस्तै परिवार नियोजन, सुरक्षित मातृत्व, खोपसेवा, पोषण सेवा , क्षयरोग, कुष्ठरोग ,प्रयोगशाला, रेडियोलोजी ,शल्यचिकित्सा सेवा आदि) । • सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने । • नियमित रूपमा योजना बनाई सुपरिवेक्षण गर्ने साथै कार्यक्रमको प्रगति समीक्षा गर्ने ।
ार, समन्वय र ोग :	• अस्पताल/स्वास्थ्य संस्थामा समितिको नियमित मासिक वैठक गर्ने । • समितिका सदस्यहरु बीच एक आपसमा राम्रो संम्बन्ध बनाउने । • मासिक वा अन्य आकस्मिक वैठक वस्नु पर्दा सम्पूर्ण सदस्यहरुलाई पत्राचार गर्ने । • औषधि, सरसमान, औजार, कर्मचारी वा अन्य आवश्यक सहयोगका लागि स्वास्थ्य शाखा, स्वास्थ्य, जनस्वास्थ्य वा जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश सरकार तथा निर्देशनालय र संघिय सरकार संग समन्वय गर्ने । • नगरपालिका/वडा भित्र भएका सम्पूर्ण स्वास्थ्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्वन्धीत संघ संस्थाहरु सँग समन्वय गरी स्वास्थ्य कार्यक्रमहरुलाई बढी प्रभावकारी बनाउने व्यवस्था मिलाउने । • विभिन्न विशेषज्ञ सेवा भएको अस्पताल(जस्तै : आखा अस्पताल ,दन्त अस्पताल आदि)सँग समन्वय गरि निश्चित वर्षको लागि सझौता गरि सेवा सञ्चालन गर्ने गराउने ।

. अनुगमन तथा मुल्याङ्कन

थानिय सरकार, प्रदेश सरकार, संघिय सरकार तथा सरोकारवाला निकायबाट समय-समयमा अनुगमन था मुल्याङ्कण हुनेछ ।

८. स्वास्थ्य चौकी, आयुर्वेद औषधालय संचालन तथा ब्यवस्थापन समितिको गठनः

स्वास्थ्य चौकी, आयुर्वेद औषधालय संचालन तथा ब्यवस्थापन समितिको गठन तपसील अनुसार हुनेछ :

१) नगरप्रमुख :संरक्षक

२) सम्बन्धित वडाको वडाध्यक्ष : अध्यक्ष

३) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी वुद्धिजिवीहरु मध्ये संरक्षकवाट मनोनित १ जना : उपाध्यक्ष

४) सम्वन्धित वड़ामा रहेका माध्यमिक विद्यालयका प्र.अ. हरु मध्येवाट नगरपालिकाले मनोनित गरेको १ जना : सदस्य

५) स्थानिय ब्यपार संघको प्रतिनिधी १ जना : सदस्य

६) स्थानिय उपलब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार महिलाहरुमध्ये वाट संरक्षकवाट मनोनित १ जना : सदस्य

७) सबन्धित वडाको वडा सचिव : सदस्य

८) स्वास्थ्य संस्था प्रमुख : सदस्य सचिव

९. सामुदायिक स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको गठन :

१) नगरप्रमुख :संरक्षक

२) सम्वन्धित वडाको वडाध्यक्षः अध्यक्ष

३) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी वुद्धिजिवीहरु मध्ये संरक्षकवाट मनोनित १ जना : उपाध्यक्ष

४)सम्वन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्र.अ. हरु मध्येवाट नगरपालिकाले मनोनित गरेको १ जना : सदस्य

५)सम्वन्धित वडाको वडा सचिव : सदस्य

६) सम्बन्धित वडाभित्र वसोवास गर्ने समाजसेवी व्यवसायी, उधोगपती, लब्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकारी व्यक्तिहरु मध्येवाट स्वास्थ्य संस्था व्यवस्थापन समितिले मनोनित गरेको १ जना दलित महिला सहित ३ जना : सदस्य

७) स्वास्थ्य संस्था प्रमुख : सदस्य सचिव

१० पदावधी :-

- अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको कार्यकाल ५ वर्षको हुनेछ ।
- निर्वाचित पदाधिकारीहरु एवम् सदस्यहरुको पदावधि अर्को निर्वाचन भई नयाँ व्यक्तिले पदभार ग्रहण नगरुन्जेल सम्म हुनेछ ।
- समितिले आवश्यक ठानेमा स्थानिय सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको आमन्त्रित सदस्यको रुपमा उपस्थिती हुन आमन्त्रिण गर्न सक्नेछ ।
- समितीले आवश्यक ठानेमा स्थानिय दलित, युवा, किशोर-किशोरी,सामाजिक संघ संस्थाका प्रमुखहरुलाई विषयवस्तु अनुसार आमन्त्रण गरि आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।
- वैठकको लागी पदाधीकारीको ५१ प्रतिशत उपस्थिती अनिवार्य हुनुपर्नेछ ।
- माथिका वुदामा जुनसुकै कुरा लेखिएको भए पनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा स्थानिय सरकारले निर्णय गरि जुनसुकै वखत पदबाट हटाउन सक्नेछ ।

(११) देहायका योग्यता भएको व्यक्ति समिति पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागी योग्य हुनेछ :-

- नेपाली नागरिक ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार वा अन्तर्गतको कुनै संगठित संस्था संग कुनै वेरुजु वा वक्योता बाँकी नरहेको ।
- उच्च नैतिक चरित्र भएको र कालो सुचिमा नपरेको ।
- विदेशी राष्ट्रको नागरिकता वा स्थायि आवाशिय अनुमती नलिएको ।

१२. लेखा समिती गठन

लेखा समितीको गठन तपसील अनुसार हुनेछ–

क.नगर कार्यपाकिले तोकेको लेखा सम्वन्धीत विषयमा जानकार स्वतन्त्र ब्याक्ती– संयोजक

ख.नगरपालीका कार्यलयको लेखा अधीकृत–सदस्य

ग. नगर कार्यपाकिले तोकेको कार्यपाकि महिला सदस्य–सदस्य

१२.१ लेखा समितीको काम कर्तब्य रअधिकार

क.वार्षिक कम्तीमा २ पटक आ.ले.प.गरी प्रतीवेदन समतिमा पेश गर्नु पर्ने छ ।

ख.आवस्यकता अनुसार लेखा सम्वन्धी आन्तरीक अनुगमन परामर्स दिन सक्ने छ ।

१३.सल्लाहाकार समिती गठन

"सल्लाहाकार समिती" अस्पताल संचालन तथा ब्याबस्थापन समितीले तपसील अनुसार मनोनीत गर्न सक्ने छ ।

क.स्थानीय राजनितिक दलको प्रमुख वा प्रतीनिधी

ख.गैर सरकारी स्वास्थ्य संस्थाका प्रतनिधी

ग.सामाजिक संघ संस्थाका प्रतीनिधी

घ.समाजसेवी, वुद्धीजिवी, जग्गा तथा चन्दा दाता आदी

१४. स्थानीय स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति बैठक सञ्चालन प्रक्रिया:-

- पूर्व सूचना: वैठक हुनुभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमवाट समितिका सदस्यहरुलाई (वैठक वस्ने मिति, समय, स्थान र छलफलको विषयवारे जानकारी दिएको हुनुपर्दछ ।
- वैठक पुस्तिका: वैठकको निर्णय एवं उपस्थितिको अभिलेख राख्ने वैठक पुस्तिका राखेको हुनुपर्दछ ।
- छलफलका विषयहरुको तयारी: वैठकका लागि आवश्यक छलफलका विषयहरु पूर्व निर्धारित हुनुपर्दछ
- सहभागीहरुको वस्ने व्यवस्था: वैठक स्थानमा सदस्यहरु समानुपातिक र सजिलोसँग वसेको हुनुपर्दछ ।

- उपस्थिति संख्या: वैठकमा सदस्यहरुको उपस्थिति ५१ प्रतिशत वा यस भन्दा बढी रहेको हुनुपर्दछ ।
- प्रगति समीक्षा: वैठकमा अघिल्लो वैठकमा भएका निणर्यहरुको प्रगति समीक्षा हुनुपर्दछ ।
- सदस्यहरुको सहभागिता: बैठकमा सबै सदस्यहरुलाई पालैपालो आ-आफ्नो भनाइ राख्ने मौका दिइनु मर्दछ ।
- निर्णय प्रक्रियामा सहभागिता: वैठकमा उपस्थित महिला र दलित सदस्यहरुले आफ्ना भनाइहरु राखेको र उक्त भनाइलाई निर्णय प्रक्रियामा महत्व दिएको हुनुपर्दछ ।
- जिम्मेवारी बाँडफाँड: कार्ययोजनामा उल्लिखित कार्यहरु गर्न एकभन्दा वढी सदस्यहरुलाई जिम्मेवारी तोकिएको हुनुपर्दछ ।
- मासिक प्रगति समीक्षा: स्वास्थ्य संस्थावाट गत महीनामा गरिएको कार्यक्रमको प्रगति समीक्षा गर्नुपर्दछ ।
- आगामी कार्यक्रमहरुको जानकारी: स्वास्थ्य संस्थाका प्रमुख वा अन्य कर्मचारीवाट आगामी महीनामा हुने स्वास्थ्य सम्वन्धी कार्यक्रम वारे जानकारी दिनुपर्दछ ।
- अभिलेख राख्ने तरिका: वैठकका निर्णयहरु वुदाँगत रूपमा कार्ययोजनाको स्वरूपमा अभिलेख राख्नुपर्दछ ।
- आगामी वैठक: आगामी वैठकका निम्ति मिति र समय तोकेको हुनुपर्दछ ।
- वैठक समय: तोकिएको ठीक समयमा शुरु गरेर ठीक समयमा नै अन्त गरेको हुनुपर्दछ ।
- प्रत्येक वैठकको एजेन्डा र निर्णयहरु निश्चित ढांचा अनुसारको माईन्युट पुस्तिकामा अभिलेखीकरण गर्नुपर्दछ ।
- अध्यक्ष वा सदस्य सचिवले कार्ययोजनामा तोकिएको जिम्मेवार व्यक्तिलाई कामको अवस्थावारे सोध्ने गरेको हुनुपर्दछ ।
- कार्ययोजनामा तय गरेको कार्य सम्पन्न गर्न जिम्मेवार व्यक्तिलाई अन्य सदस्यहरुले आवश्यकता अनुसार सहयोग गरेको हुनुपर्दछ ।
- स्थानीय तहमा त्यहाँको प्राकृतिक प्रकोपको इतिहासलाई आधार मानी पूर्व तयारी गर्नुपर्ने हुन्छ ।

मानव संशोधन ब्यवस्थापन :-

(क) अस्पताल संचालनको लागी जनशक्ती माई नगरपालीकाको कार्यपालिका वैठकले तोके बम्मोजीम हुनेछ ।

(ख) सामुदायिक स्वास्थ्य ईकाइ , शहरी स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको हकमा कम्तिका एक जना अ.हे.व र एक जना अ.न.मीको व्यवस्था हुनपर्नेछ । आवश्यकता अनुसार स्थानिय सरकाले सामुदायिक स्वास्थ्य इकाईमा विरामीको चाप र सेवा विस्तारलाइ मध्यनजर गरी जनशक्ति थप्न कुनै बाधा पर्ने छैन ।

१६. आकस्मिक कक्षको लागी न्युनतम औषधी, औजार तथा उपकरणहरु:-

(क) औषधीहरु:-

1. inj. Ranitidine,Omeprazole,Pantoprazole
2. inj. Adrenaline
3. Inj. phiniramine
4. Inj. Amminophylline
5. Inj. Atropine
6. Inj. Hyoscine butyle bromide
7. Inj. Calcium gluconate
8. Inj. Ciprofloxacine,Ampicilline,,Ampiclox,,Ceftriaxone Etc.
9. Inj. Deriphylline
10. Inj. Dexamethasone
11. Inj.Dextroxe 10%,5%,25%,50%
12. Inj. Diazepam,Lorazepam,Amdazolam
13. Inj.Dextrose sline,Normal sline, Ringer lactate sline,DNS
14. Inj. Dopamine

15. Inj. pentazocine

16. Inj. Hydrocortisone

17. Inj. Frusemide

18. Inj. Mannitol

19. Inj. Metronidazole

20. Inj.Morphine

21. Inj.Nitroglycerine,labetolol

22. Inj. Paracetamol

23. Inj. metaclopromide

24. Inj. Pethidine

25. Inj. Phenargan

26. inj. potassium chloride

27. Inj. Phinobarbitone

28. Inj.Phenytoin

29. Inj. Naloxone

30. Inj. Vit-K

31. Inj. sodium Bicarbonate

32.Inj. Diclofenac

33. Inj. Dobutamine

34. Inj.Nor-Adrenaline

35. Inj. Isoprenaline

36. Inj.Aminodarone

37. Inj. magnesium sulphate

38. Inj. digoxine

39. Inj. Adenosine,verapamil

40. Inj. Tramsotate

41. Antacid tablet

42. Aspirme tab.

43. Diclofenac tab.

44. Paracetamol Tab.

45. Ibuprofen Tab.

46. Codeine Phosphate Tab.

47. Prednisolone Tab.

48. Antidiotics Oral(tab,cap)

49. povidine Iodine

50. Inj.Lignocaine, Xylocaine jelly

51. Other as per Necessary

(ख) उपकरणहरु:-

1. Ambu Bag with mask (different size)

2. Artery Forceps

3. Salbutamol Inhaler
4. BP intrument
5. Blood Transfusion set
6. Clinwax ear drop
7. Crepe bandage 4" & 6"
8. Dissection Forceps Tooth & non- Tooth
9. Disposable syringe 3cc,5cc,10cc,20cc Etc.
10. Endo Tracheal Tube (pediatric & Adult)3.0-8.5
11. Laryngeal mask Airway 3.0-8.5
12. Foly"s catheter 6f-20f, 3 way
13.Gloves different size
14.I/V canula 14-24 G
15. I/V set, Pediatric Burret
16. I/V infusion Set
17. C.V.P. line set
18. Chest Tube Diff. size
19. Ipratropium bromide Inhaler+solution
20. Knee Hammer
21. Laryngoscope with blade (adult , pediatric size)
22. Leucoplast

23. Qxymetazoline nasal Drop

24. Needle Holder

25. Ryle"s Tube(N/G Tube)

26. Scissors (diff types)

27. Silver Sulphadiazine Cream

28. Stethescope

29. Sunction machine with tubes

30. Thermometer

31. Sphygnomanometer

32. Tongue Depresser

33. Torch light

34. Uro Bag

35. Wooden Splint Different Size

36. Spinal Board -1

37. Cervical Collar 1-5

38.Antibiotic Inj. Different

39.Pulse Oxymeter

40. Otoscope

41. Opthalmoscope

42. Glucometer

43. Digital Clock

44. Oxygen supply

45. Emergency medicine trolly

46. ECG machine

47. Suture Set

48. Ezevac Enema

49. As necessary

50. Vision Drum with Light & X-ray Reader Drum with Light

51. Cheatal Jar, Tráy,dressing Drum

१७. अस्पताल(समिति)/स्वास्थ्य संस्था(समिति)को कोष:-

क). अस्पताल(समिति)/स्वास्थ्य संस्था(समिति)को नाममा आफ्नो छुट्टै कोष रहनेछ ।

ख).अस्पताल(समिति)/स्वास्थ्य संस्था(समिति)को कोषमा देहाय बमोजिका रकमहरु रहनेछन् :-

(अ) नेपाल सरकार(संघिय सरकार), प्रदेश सरकार र स्थानिय सरकारवाट स्वास्थ्य संस्था संचालनको लागी प्राप्त हुने अनुदानको रकम

(आ) स्वास्थय संस्थाको सेवा प्रदान गरे वापत प्राप्त हुने आम्दानी वापतको रकम

(इ)दात्री निकाय वा दाताहरुवाट प्राप्त हुने रकम

(ई)अन्य आन्तरिक वा वाह्य श्रोतबाट प्राप्त हुने रकम

ग).समितिको काम कारवाहीमा हुने खर्च उपदफा (१) वमोजिमको कोषवाट समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानुन वमोजिम गर्नुपर्नेछ ।

घ).समितिको मुल खाता कुनै स्थानिय क वर्गको बैकमा खोली संचालन गरिनेछ ।

ङ).समितीको खाता समितीको अध्यक्ष वा निजले तोकेको समितिकै अन्य व्यक्ति र सदस्य सचिवको संयुक्त दस्तखतवाट संचालन गरिनेछ ।

च).समितिको कोषमा कुनै निश्चित उदेश्य स्वरुप जम्मा हुन आउने रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजनको लागी मात्र खर्च गर्नु पर्नेछ ।

छ).विदेशी सरकार,संघसंस्था वा व्यक्तिबाट रकम प्राप्त गर्नको लागी प्रचलित कानुन वमोजिम अनुमति लिनुपर्नेछ ।

ज).समितिले विभिन्न कल्याणकारी कोषहरु संचालन गर्न सक्नेछ । सोको कार्यविधी स्थानिय सरकार बाट स्विकृत गराउनुपर्नेछ ।

१८. सम्पती र कोष हस्तान्तरण :-

साविक आदेश वा निर्देशिका/नियमावली वमोजिम प्रस्तावित अस्पताल/स्वास्थ्य संस्था(अपग्रेड)को समितिको नाममा रहेको सवै चल अचल सम्पति यसै निर्देशिका/नियमावली वमोजिम संचालन हुने अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितीको नाममा स्वत: हस्तान्तरण हुनेछ ।

१९. लेखा र लेखा परिक्षण :-

(क) समितिको आय व्ययको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचा वमोजिम राख्नु पर्नेछ।

(ख) कोषको आन्तरिक लेखापरिक्षण कम्तिमा २ पटक समितिको निर्णय वमोजिम हुनेछ ।

(ग) कोषको अन्तिम लेखापरिक्षण प्रतिलित कानुन बमोजिम मान्यता प्राप्त(आइक्यानमा दर्ता भएको) लेखा परिक्षक फर्म वा कम्पनिवाट गराउनुपर्नेछ । स्थानिय सरकार वाट लेखा परिक्षक छनौट गरिएको अवस्थामा सोही अनुसार हुनेछ ।

(घ) स्थानिय सरकार,स्वास्थ्य तथा सरसफाई शाखाले जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

२०. हाल दानावारीको सितलीमा रहेको दानावारी स्वास्थ्य चौकिलाइ माइ नगर अस्पताल(माई अस्पताल) मा स्तर वृद्दी गरीएको छ ।

२१.स्तरवृद्धी गरीएको स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरु अस्पतालको स्थापना पछी सोही दरवन्दीमा समायोजन भएको मानीनेछ ।

२०. निर्देशन दिने:-

स्थानिय सरकारले समितिको काम कारवाहीका सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१.परिमार्जन :- अस्पताल/स्वास्थ्य संस्था संचालनका क्रममा कुनै कानुनी समस्या भई काम गर्न बाँधा अड्चन भएमा अस्पताल/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले निर्णय गरि सो विषयमा नगर कार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ ।समय र आवश्यकता अनुसार यस अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा संचालन निर्देशिका २०७७ नगरकार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

२२ .अभिलेख तथा प्रतिवेदन :-

अस्पताल तथा स्वास्थ्य संस्थामार्फत गरेका क्रियाकलाप तथा प्रगतीहरुको विवरण लगायत अन्य आवश्यक कागजातहरु मासिक रुममा स्वास्थ्य शाखामा/लेखा शाखामा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेछ ।

२३ .कारवाही हुने :-

यस निर्देशिका विपरित कार्य गर्ने पदाधिकारी, स्वास्थ्य संस्था, कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानून वमोजिम कार्वाही चलाउन सक्नेछ ।

२४. खारेजी र बचाउ :-

माथि उल्लेखित भए वमोजिम गरेका कार्यहरु यसै निर्देशिका वमोजिम भएको मानिनेछ । प्रचलित संघिय तथा प्रादेशिक कानून संग वाझिएको अवस्थामा सो वुदाँ स्वत खारेज हुनेछ ।

दीपक कुमार थैंव
२०७८/०३/०८
नगर प्रमुख

!!धन्यबाद!!